नेपाल सरकार

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

*सन्धिखर्क नगरपालिकाको कार्यालय*

अर्घाखाँची

सुचना नं. - १९/०७५/७६

*सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना*

(~~प्रथम~~ दोस्रो पटक प्रकाशित मिति - २०७५/११/ २३ गते)

यस कार्यालय बाट ग्याबिन तार खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म,सस्था वा कम्पनीबाट रित पुर्वकको गोप्य सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

## शर्तहरु

१. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म दरभाउपत्र फाराम यस कार्यालयमा नबिकरण गरेको ब्यबसाय दर्ताको ईजाजत पत्र, नबिकरण गरेको फर्म,सस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,मुल्य अभिबृद्धी करमा दर्ता भएको प्रमाणपत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र,आ.ब.२०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ.ब.०७४/०७५ को कर आय बिबरण पेश गरेको कागजात र उत्पादक कम्पनीबाट फर्म वा कम्पनीलाई प्राप्त को प्रतिलिपी निबेदनसाथ पेश गरेपछी नियमानुसार बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

२. खरीद गरेका बोलपत्र फारामहरुको महलहरु स्पष्टरुपमा भरि प्रत्येक पानामा सहीछाप गरी प्रथमपटक सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा आई दरभाउपत्र दर्ता गराउनु पर्ने छ। दर्ता भएका दरभाउपत्र सोही दिन १.०० बजे खोलिनेछ ।

३. दरभाउपत्र फारामसाथ जमानत बापतको रकम यस न.पा.कार्यालयको राजश्व शाखामा दाखीला गरेको नगदी रसीद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ३ महिना म्याद भएको जमानी पत्र (बिडबण्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत बापतको भैचर वा बिडबण्ड यो सुचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइने छ ।

४. दर्ता हुन आएका शिलबन्दी फारामहरु यस कार्यालयमा बोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा नियमानुसार खोलिने छ । निजहरुको उपस्थिति नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरीद गर्ने वा दाखिला गर्ने अन्तीमदिन बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खोलेको दिन सोही समयमा हुनेछ ।

५. ठेक्का स्वीकृत भएपछि ठेक अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री रा.बा.बैक सन्धिखर्क शाखा स्थित धरौटी खाता नं. ३०५०३०३००७१०६ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारि गरिएको घटीमा ६ महिना म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकको बैंक ग्यारेन्टी परफरमेन्स वण्ड पेश गरि सम्झौता गर्नु पर्नेछ ।

६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

७. दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरेबमोजिम हुनेछन् ।

८. अन्य कार्यबिधिहरु सार्बजनिक खरीद नियमावली बमोजिम हुनेछ ।

९. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०. थप जानकारिको लागी कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

११. सबै अधिकार नगरपालिकामा निहित रहने छ ।

तपसिल

| ठेक्का नं. | बिबरण | आबश्यक संख्या | बोलपत्र सम्बन्धि कागजात दस्तुर | जमानत बापत कबुल अंकको | भ्याट सहित जम्मा रकम |
|---|---|---|---|---|---|
| १९/०७५/७६ | १- १० गेजको मिडियम ग्याबिन तार (Mesh wire -10 SWG,Salvage wire)<br>२- ७ गेजको ग्याल्बोनाईज बाध्ने तार (7SWG binding wire ) | ५९५५.०० के.जी.<br>२८५.०० के.जी. | रु १०००/०० | २.५% | ८०००००।- (आँठ लाख मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

सन्धिखर्क नगरपालिका कार्यालय